नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः-५७७ मिति :- २०६९/४/२४

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत अन्य कार्यालय र इजाजतपत्रप्राप्त “क” र राष्ट्रिय स्तरका “ख” वर्गका विकास बैंक तथा इजाजतपत्र प्राप्त मनिचेञ्जरहरु ।

विषय :- **राहदानी वापतको सटही सुविधा सम्वन्धी व्यबस्था ।**

महाशय,

निजी तथा औपचारिक तवरले विदेश भ्रमणमा (भारत वाहेक) जाने नेपाली नागरिकलाई राहदानी वापत निम्नानुसार सटही प्रदान गर्न सकिने व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

**१. राहदानी वापत सटही पाउने व्यक्ति :**

निजी भ्रमणमा विदेश जाने नेपाली नागरिकहरूलाई नेपाल सरकारले जारी गरेको वैध राहदानी र कन्फर्म्ड हवाई टिकटको आधारमा तोकिएका बैंक/वित्तीय संस्था/इजाजतपत्रप्राप्त निकायहरूले सटही सुविधा दिनुपर्नेछ ।

**२. राहदानी सुविधा वापत पाउने सटही रकमः**

क) विदेश (भारत बाहेक) अन्य मुलुकहरुको भ्रमणमा जाने नेपाली नागरिकहरुलाई राहदानी वापत प्रति पटक अमेरिकी डलर २ हजार ५ सयसम्म सटही सुविधा दिन सकिने छ ।

ख) अलग्गै राहदानी नलिई अभिभावकको साथमा जाने केटाकेटीहरूलाई अधिकतम अमेरिकी डलर ५००।- (पाँचसय) सम्मको सटही दिन सकिनेछ ।

ग) नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जाने नेपाली नागरिकलाई राहदानी वापत अधिकतम अमेरिकी डलर ५००/- (पाँचसय सम्म) मात्र सटही सुविधा उपलव्ध गराउनु पर्नेछ ।

**३. स्थलमार्गबाट निजी भ्रमणमा जाँदा पाउने सटही सुविधा** :

(क) स्थलमार्गबाट चीनको स्वशासित क्षेत्र तिब्बत (नियमानुसार सीमा ओहोर दोहोर गर्ने व्यक्तिहरू वाहेक) र सार्क मुलुकहरू (भारत वाहेक) मा निजी भ्रमणमा जाने व्यक्तिहरूलाई

सम्बन्धित देशको प्रवेशाज्ञा (Visa) भएमा एक पटकमा बढीमा अमेरिकी डलर १,०००।- (एकहजार) सम्म र एक आ.व.मा बढीमा अमेरिकी डलर २,०००।- (दुइहजार) सम्मको सटही सुविधा उपलब्ध गराउन सकिनेछ ।

ख) यसरी सटही प्रदान गर्दा स्थलमार्गबाट भ्रमण गर्ने व्यक्तिहरू र सार्क देशहरू (भारतबाहेक) लगायत Entry Point मा प्रवेशाज्ञा दिने देशहरूमा भ्रमण गर्ने नेपाली नागरिकहरूको हकमा राहदानीमा Endorse गरी सटही सुविधा उपलब्ध गराउने निकायको अधिकृतले दस्तखत गरी संस्थाको छाप समेत लगाउनु पर्नेछ ।

**४. नपुग सटही सुविधाको लागि निवेदन दिन सकिनेः**

कथंकदाचित यस परिपत्रमा भएको व्यवस्था बमोजिम प्राप्त हुने सटही सुविधा अपूग हुन गई बढी रकम आवश्यक परेमा आफ्नो प्यान नम्बर र रकम अपूग हुनाको कारण सहित यस बैंकमा निवेदन गरेमा बैंकले औचित्यको आधारमा आवश्यकतानुसार सटही सुविधा दिन सक्नेछ ।

**५. व्यापार प्रवर्धनको लागि सटही सुविधा :**

विदेश (भारत बाहेक) व्यावसाय प्रवर्द्धन, व्यापार मेला, व्यापार गोष्ठीमा जाने नेपाली नागरिकलाई राहदानी बापत प्रति पटक अमेरिकी डलर ५ हजार सम्मको सटही सुविधा व्यापार प्रवर्द्धनको कार्यक्रमबाट हुने उपलब्धी तथा भाग लिन जानु पर्ने कारण सहितको निवेदन लिई सटही सुविधा प्रदान गर्न सकिने छ ।

**६. सटही सुविधाको सही उपभोग हुनु पर्ने :**

राहदानी वापतको सटही सुविधा पहिला पनि उपभोग गरिसकेका व्यक्तिहरूको हकमा निज अघिल्लो पटक यस्तो सटही सुविधा लिएर उद्देश्य बमोजिम विदेश यात्रा गरेको भएमा मात्र अर्को पटक सटही सुविधा प्रदान गर्नु पर्नेछ ।

**७. औपचारिक भ्रमणमा अधिकतम सीमा लागू नहुने :**

निजी भ्रमणमा बाहेक सरकारी निकाय तथा सार्वजनिक संघ, संस्था, इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था वा अन्य औपचारिक (तालिम, गोष्ठी, वैठक, नेपाल सरकारको तर्फबाट गरिने भ्रमण, यस बैंकबाट स्वीकृत भ्रमण) विदेश (भारत बाहेक) जाने व्यक्तिहरुका लागि माथि दफा २ "क" तथा दफा ३ "क" बमोजिमको क्रमशः अमेरिकी डलर २,५००।,- (दुईहजार पाँचसय) र रु. १,०००।- (रु. एकहजार) को सीमा लागू हुने छैन ।

**८. कन्फर्म्ड हवाई टिकटको व्याख्या :**

कन्फर्म्ड हवाई टिकट भन्नाले नेपाल वा भारतदेखि यात्रा शुरू हुने गरी जारी भएको कन्फर्म्ड हवाई टिकटलाई मात्र जनाउँछ । यसैगरी विदेशबाट नेपाल आई पुनः विदेश जाने गरी जारी भएको

दोहोरो कन्फर्म्ड टिकट भएका व्यक्तिहरूको हकमा समेत सो टिकट यस प्रयोजनको लागि उपयोग गर्न सकिने छ ।

**९. सटही वापत नगदमा पाउने रकम** :

इजाजतपत्रप्राप्त सम्बन्धित बैंक/वित्तीय संस्था/निकायहरूसँग रहेको नगद विदेशी मुद्राको संचितिलाई समेत दृष्टिगत गरी बढीमा अमेरिकी डलर ५००।- (पाँचसय) सम्म नगदमा सटही उपलब्ध गराउन सकिनेछ । सो भन्दा बढीको नगद सटही दिनुपरेको खण्डमा औचित्यको आधारमा सम्बन्धित बैंक/वित्तीय संस्था/इजाजतपत्रप्राप्त निकायको प्रमुखले स्वीकृति दिएमा त्यस्तो सटही प्रदान गर्न सकिनेछ ।

**१०. लिएको सटही सुविधा सञ्चित गर्न पाउने :**

राहदानी सुविधा अन्तरगत लिइएको सटही सुविधा वापतको रकम भ्रमण सकी बाँकी रहन गएमा अधिकतम अमेरिकी डलर १,००० (एकहजार) वा सो बराबरको अन्य विदेशी मुद्रा अर्को भ्रमणमा उपयोग गर्न सक्ने गरी सम्बन्धित व्यक्तिले आफैसँग वा आफ्नो नाममा बैंकमा विदेशी मुद्रा खाता खोली राख्न सक्नेछन् ।

**११. राहदानी वापत सटही सुविधा दिंदा अपनाउनु पर्ने अन्य प्रकियाहरू :**

(क) राहदानी बापतको सटही सुविधा प्रदान गर्दा यसैसाथ संलग्न नमूना अनुसारको निवेदन फाराम भराएर लिनु पर्नेछ ।

(ख) राहदानी सुविधा वापत सटही माग गर्न आउने निवेदकहरूबाट कन्फर्म्ड हवाई टिकट तथा नाम, ठेगाना र फोटो समेत भएको एवं अग्रिम भिषा आवश्यक पर्ने अवस्थामा भिषा प्राप्त राहदानीको पृष्ठको छविचित्र (Photocopy) अनिवार्यरुपमा पेश गर्न लगाउनु पर्नेछ । ती छविचित्रहरू सक्कल प्रतिसँग भिडाई दुरुस्त भएमा मात्र सटही सुविधा प्रदान गर्नु पर्नेछ ।

(ग) नियमानुसार सटही सुविधा लिईसकेका व्यक्तिको भ्रमण कार्यक्रम परिवर्तन भई पहिलेको हवाई टिकट रद्ध गरी नयाँ हवाई टिकट लिनु परको अवस्थामा पहिलेको हवाई टिकटमा अंकित गरेको विदेशी मुद्रा सटही रकम आवश्यक प्रमाण राखी इजाजतपत्र प्राप्त सम्बन्धित निकायले नै नयाँ हवाई टिकटमा अंकित गरिदिनु पर्नेछ ।

(घ) यसरी सटही उपलब्ध गराएको मिति र रकम राहदानीको सम्बन्धित खण्डमा अनिवार्य रूपमा उल्लेख गरी यस्तो सटही उपलब्ध गराउने इजाजतपत्र प्राप्त निकायको सम्बन्धित अधिकृतले दस्तखत गरी छाप समेत लगाउनु पर्नेछ । साथै उपरोक्त कागजातको छविचित्र (Photocopy) अभिलेखका लागि सुरक्षित राख्नु पर्नेछ ।

**१२. सटही प्रदान गर्ने निकायहरू :**

इजाजतपत्र प्राप्त बैंक/वित्तीय संस्था/निकायहरूबाट मात्र यस्तो सटही सुविधा प्रदान गर्न मिल्नेछ ।

**१३. कारोवारको विवरण पेश गर्नु पर्ने :**

(क) राहदानी र व्यापार प्रवर्द्धन वापतको सटही सुविधा सम्बन्धी प्रत्येक महिनाको कारोवारको मासिक विवरण इजाजतपत्र प्राप्त निकायको केन्द्रीय/कर्पोरेट कार्यालयले एकीकृत गरी महिना समाप्त भएको १५ (पन्ध्र) दिनभित्र संलग्न नमूना बमोजिमको फाराममा यस बैंकमा अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

(ख) यस्तो विवरण पेश नगर्ने बैंक/वित्तीय संस्था/इजाजतपत्रप्राप्त निकायलाई प्रदान गरिएको इजाजत रद्द हुन सक्नेछ ।

**१४.** यस सम्बन्धमा मिति २०६७/१०/२८ मा जारी गरिएको इ.प्रा.परिपत्र संख्या ५५४ तथा मिति २०६८/४/१० मा जारी गरिएको इ.प्रा.परिपत्र संख्या ५५९ खारेज गरिएको छ ।

भवदीय,

(लिलाप्रकाश सिटौला)
कार्यकारी निर्देशक

**बोधार्थ:**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा.नि.वि.महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४. श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री बैंक सुपरिवेक्षण विभाग ।
६ श्री विकास बैंक, सुपरिवेक्षण विभाग ।
७. श्री वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
८. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
९. श्री सूचना प्रविधि विभाग ।
१०. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाडौ ।
११. श्री डेभलप्मेण्ट बैंकर्स एशोसियसन, अनामनगर, काठमाडौं ।
१२ श्री वित्तीय संस्था संघ, जमल, काठमाडौ ।
१३. श्री नेपाल उद्योग वाणिज्य महासंघ, मिलन मार्ग, टेकु ।
१४. श्री नेपाल उद्योग परिसंघ, मिलन मार्ग, टेकु ।
१५. श्री नेपाल मनिचेञ्जर एशोसियसन, काठमाडौं ।

(इ.प्रा. परिपत्र संख्या- ५७७ को प्रयोजनको लागि)

मिति : ....................

श्री ..................................

.................................... ।

विषय :- राहदानी बापतको सटही सुविधा पाऊँ ।

महाशय,

म ........................................ मा करीब ................................................को लागि
(देशको नाम) (अवधि उल्लेख गर्नुपर्ने)
भ्रमणमा जान लागेको हुँदा राहदानी बापतको नियमानुसार पाउने अमेरिकी डलर .........................
( अमेरिकी डलर ....................................................... मात्र) सटही सुविधाको लाीग अनुरोध गर्दछु ।

मैले यस राहदानी बापत सटही लिएको एक महिना भित्र उद्देश्य बमोजिम विदेश यात्रा नगरेमा सो विदेशी मुद्रा बैंकमा दाखिला गर्नेछु । साथै, यस पटकको विदेश भ्रमणको लागि राहदानी बापतको सटही सुविधा अन्य कुनै पनि संस्थाबाट नलिएको व्यहोरा समेत अनुरोध गर्दछु । झुठा विवरण पेश गरी सटही लिएको ठहरेमा प्रचलित ऐन, कानून बमोजिम सजायँको भागीदार स्वयं हुनेछु ।

भवदीय,

.........................
दस्तखत

विवरण :-

राहदानी नं. ......................
एयरलाइन्सको नाम : ......................
(क) हवाई टिकट नं.......................
(ख) हवाई टिकट नं.......................
उडान निश्चित भएको तारीख.....................

पुरा नाम : .......................................
ठेगाना : ...................................
फोन नम्वर : ...................................
राहदानी जारी गरेको मिति : ........................
राहदानी बहाली रहने मिति : ......................

# राहदानी वापत सटही सुविधा प्रदान गरिएको मासिक विवरण

(इ.प्रा. परिपत्र संख्या- ५७७ को प्रयोजनको लागि)

इजाजतपत्र प्राप्त बैंक/वित्तीय संस्था/निकायको नाम ......... ........... .... .......................................

.................साल............................महिना ...................          मिति :.....................

| सि.नं | मिति | नाम | पासपोर्ट नं | टिकट नं | जाने मुलुकको नाम | रकम (यु.एस.डलरमा) | सटही प्रदान गर्ने शाखा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | कुल रकम | | | |

प्रमाणित गर्नेको,
दस्तखतः
नामः
पदः

# व्यापार प्रवर्द्धन वापत सटही सुविधा प्रदान गरिएको मासिक विवरण

(इ.प्रा. परिपत्र संख्या- ५७७ को प्रयोजनको लागि)

इजाजतपत्र प्राप्त बैंक/वित्तीय संस्था/निकायको नाम ......... ........... .... ......................................

.................साल.............................महिना ....................　　　　　मिति :......................

| सि.नं | मिति | नाम | पासपोर्ट नं | टिकट नं | जाने मुलुकको नाम र कार्यक्रमको नाम | रकम (यु.एस.डलरमा) | सटही प्रदान गर्ने शाखा | सटहीको औचित्यता |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | कुल रकम | | | |

प्रमाणित गर्नेको,
दस्तखतः
नामः
पदः